**सूचना प्रकाशन भएको मिति २०७५।११।३ गते**

**सूचना**

यस विभागको चालु आ.व. २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत उपभोक्ता संस्थाहरुको साझेदारीमा उपभोक्ता जागरण सम्वन्धि कार्यक्रम सञ्चालन गर्नका लागि विभिन्न उपभोक्ता संस्थाहरुको सहभागितामा सातै प्रदेशका विभिन्न स्थानमा कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले यस विभागमा सुचिकृत सम्वन्धित सरोकारवाला उपभोक्ता संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्रमा संस्था दर्ता प्रमाण पत्र र चालु आ.व. सम्मका लागि नविकरण/अद्यावधिक भएको प्रमाण सहित कार्यक्रम प्रस्ताव पेश गर्नुहुन सूचित गरिन्छ।

**१ कार्यक्रम सञ्चालन हुने जिल्लाहरु**

| क्र.सं. | प्रदेश नं. | जिल्लाहरु |
|---|---|---|
| १ | १ | मोरङ्ग जिल्ला वाहेकका जिल्लाहरु |
| २ | २ | पर्सा जिल्ला वाहेकका जिल्लाहरु |
| ३ | ३ | काठमाण्डौ उपत्यका र मकवानपुर वाहेकका जिल्लाहरु |
| ४ | गण्डकी | कास्की जिल्ला वाहेकका जिल्लाहरु |
| ५ | ५ | रुपन्देही जिल्ला वाहेकका जिल्लाहरु |
| ६ | कर्णाली | सुर्खेत जिल्ला वाहेकका जिल्लाहरु |
| ७ | सुदुर पश्चिम | कैलाली जिल्ला वाहेकका जिल्लाहरु |

**२ कार्यक्रम सञ्चालनको ढांचा**

२.१ एक उपभोक्ता संस्थाले अधिकतम ३ वटा स्थानममा कार्यक्रम सञ्चालन गर्नेगरी प्रस्ताव पेश गर्न सक्नेछ।

२.२ गाउंपालिका भित्र अधिकतम १, नगरपालिका भित्र अधिकतम २, उपमहानगरपालिका भित्र अधिकतम ३ र महानगरपालिका भित्र अधिकतम ४ वटा सम्म कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

२.३ प्रत्येक कार्यक्रमको औषत लागत रु. ६० हजार हुनेछ। सो लागतमा भौगोलिक स्थान र काठमाण्डौ सम्मको दुरीका आधारमा थप घट हुन सक्नेछ।

२.४ उपभोक्ता संस्थाले कार्यक्रम स्थानको छनौट, सहभागि जुटाउने, कार्यक्रम सञ्चालन गर्नुपर्ने लगायतका व्यवस्थापकीय कार्यहरु गर्नुपर्नेछ।

२.५ विभागले कार्यक्रमस्थल सम्म जान आउन सवारीसाधन उपलब्ध गराउने तथा उपभोक्तावादी संघ संस्थाको १ जना प्रतिनिधिलाई दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउनेछ। उपभोक्तावादी संधसंस्थाको केन्द्रिय समितिको पदाधिकारीलाई नेपाल सरकारको शाखा अधिकृत सरह र स्थानीय स्तरका प्रतिनिधिहरुलाई नेपाल सरकारका सहायकस्तरका कर्मचारीले पाउने दर अनुसारको दैनिक तथा भ्रमण भत्ता प्राप्त गर्न सक्नेछन्।

२.६ कार्यक्रमको व्यवस्थापन संयोजन गर्ने संस्थाले कार्यक्रम सञ्चालन गर्ने जिल्ला, स्थानीय तह तथा वडा समेत खुलाई प्रस्ताव पेश गर्नु पर्नेछ।

३ **लक्षित समुह/वर्ग -** यस कार्यक्रमको लक्षित वर्गमा व्यवसायी, उपभोक्ताकर्मी, उपभोक्ता संरक्षण संग सम्वन्धित संघसंस्थाहरु, निकायहरु तथा आम उपभोक्ताहरुहरु रहेका छन्।

४. **अपेक्षित उपलब्धी -** कार्यक्रमको सम्पन्नता पश्चात उपभोक्ता संग सम्वन्धित सवै क्षेत्रमा कार्य गर्ने संस्था, निकाय र आम उपभोक्तहरुले वस्तु वा सेवाको खरिद गर्नु पूर्व अपनाउने सचेतना तथा उपभोक्ता अधिकारका सम्वन्धमा जानकारी प्राप्त गर्नेछन् साथै व्यवसायीक फर्महरुले व्यवसायीक कर्तव्यका सम्वन्धमा जानकारी प्राप्त गर्नेछन्।